[illegible]
फ्याक्स नं ०७५-५२०३१०

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, पाल्पा

(प्रथम पटक प्रकाशित मिति : ०७८/१०/०६)

## प्रस्ताव आह्वान सम्बन्धी बिस्तृत सूचना

डिभिजन वन कार्यालय, पाल्पाको आ.व. ०७८/७९ को संघीय सरकारबाट हस्तान्तरीत सशर्त कार्यक्रम अन्तर्गत जडीबुटी विकास कार्यक्रम तर्फका तपशिल बमोजिमका कार्यक्रमहरु तपसिल बमोजिमको योग्यता पुगेको प्रस्तावकहरुलाई सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र कार्यालय समयमा रीतपूर्वकको प्रस्ताव यस कार्यालयमा पेश गर्नुहुनको लागि यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक प्रस्तावकले तपसिलका सर्त बमाजिमका कागजातहरु प्रस्तावना साथ पेश गर्नुपर्नेछ । उक्त दिन बिदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय समयभित्र प्रस्तावना दर्ता गर्न सकिनेछ ।

### तपशिल

| सि.नं. | क्रियाकलापको नाम | प्रस्तावक (पकेट क्षेत्र भित्रका) | प्रस्तावको क्षेत्र | संख्या | बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जडिबुटी उत्पादन, खेती विस्तार, भण्डारण | सामुदायिक तथा कबुलियती वन उपभोक्ता समूह | उत्पादित जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको बजारीकरणको लागि भण्डारण केन्द्र निर्माण, पुर्न निर्माण र मर्मत । | १ वा बढी | ४ लाख | कुल लागतको बढीमा ७५ प्रतिशत सहयोग गरिने । |
| २ | सहकारी/समूह मार्फत जडिबुटी उत्पादन, खेती बिस्तार, भण्डारण, प्रशोधन र बजारीकरण | सहकारी संघ संस्था, सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन उपभोक्ता समूह | जडिबुटी बिरुवा उत्पादन, जडिबुटि खेती बिस्तार, जडिबुटि भण्डारण तथा प्रशोधन केन्द्र निर्माण र संचालन । | १ वा बढी | १० लाख | |
| ३ | पकेट क्षेत्रमा जडिबुटी खेती बिस्तार | पकेट क्षेत्र अन्तरगतका सामुदायिक तथा कबुलियती वन उपभोक्ता समूह, सहकारी, इच्छुक उद्यमी, किसान | पकेट क्षेत्रमा हावापानी सुहाउदो तेजपात, टिमुर, मालागिरी, लप्सी, मतुवा, सर्पगन्धा, चिराईतो, रिठ्ठा, पिप्ला लगायतका जडिबुटीको खेती बिस्तार । | १ वा बढी | ४ लाख | |

### शर्तहरु

- स्विकृत बजेटको अधिन र सिमाभित्र रही प्राप्त प्रस्तावनाहरुको **उपयुक्तता र क्षमताको आधारमा एक वा एक भन्दा बढी प्रस्तावकलाई कुल लागतको ७५% सम्म अनुदान रकम उपलब्ध** गराउन सकिनेछ ।
- जडीबुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित उत्पादन/प्रशोधन/भण्डारण केन्द्र संचालन सम्बन्धि संस्थागत व्यवस्था, संचालनबाट लाभान्वित हुने स्थानीय समुदाय, उपभोक्ताहरु र यसबाट सिर्जना हुने रोजगारी, जडीबुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित उत्पादन/प्रशोधन/भण्डारण केन्द्र संचालन सम्बन्धि लागत खर्च तथा आम्दानीको प्रक्षेपण स्पष्ट रुपमा प्रस्तावनामा उल्लेख गर्नुपर्नेछ ।
- प्रस्तावना तोकिए बमोजिमको ढाँचामा हुनुपर्नेछ र साथमा रु. १० को टीकट टाँसी आवेदन, संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र, आ.व. ०७७/७८ को करचुक्ता प्रमाणपत्र, संस्थाको नवीकरण साथै पाविधिकबाट तयार गरिएको विस्तृत लागत अनुमान सहितको प्रस्तावना पेश गर्नुपर्नेछ । उपरोक्त बमोजिम रीत नपुगेका प्रस्तावहरु उपर कुनै कारवाही गरिने छैन । पेश हुन आएका प्रस्तावहरु मध्ये पारम्भिक छनौटबाट सफल भएका प्रस्तावदाताहरुलाई मात्र यस कार्यालयबाट सूचना दिईनेछ ।
- प्रस्तावनाको ढाँचा यस कार्यालयको वेबसाईट www.dfopalpa.gov.np बाट प्राप्त गर्न सकिनेछ र सोही ढाँचामा तोकिएको मापदण्ड भित्र रही प्रस्ताव पेश गर्नुपर्नेछ । साथै ईमेल मार्फत प्रस्ताव पेश गर्नुपर्ने भएमा सम्बन्धित समूह/सहकारी/संघसस्थाले paldfo196@gmail.com मा कागजातहरु संलग्न गरी पठाउन सकिनेछ ।

थप जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

Scanned with CamScanner